**Type approval, IMEI Registration तथा Lost/stolen को तथ्यांक सहितको संक्षिप्त विवरण**

## १. नेपाल दूरसंचार प्राधिकरणको उपकरण स्तरीकरण शाखाबाट भएका Type Approval सम्बन्धी तथा EIR system बाट IMEI Registration र Lost/Stolen मोबाइल सेट सम्बन्धी विवरण

### १.१ Type Approval सम्बन्धी विवरणः

दूरसञ्चार ऐन,२०५३ को दफा १३(च) तथा दफा १४ बमोजिम यस प्राधिकरणले दूरसंचार सेवा तथा दूरसंचार सम्बन्धी यन्त्र तथा उपकरणहरुको स्तर तोक्ने, गुणस्तर निर्धारण गर्ने तथा स्वीकृत गर्ने काम अनुरुप प्राधिकरणबाट जारी Type Approval सम्वन्धी व्यवस्था TAP-04 अनुसार Radio Telecommunication CPEs को आयात तथा विक्रि वितरण गर्नु पूर्व प्राधिकरणबाट अनिवार्य रुपमा Type Approval Certificate लिनुपर्ने प्रावधान रहेको छ। सोहि प्रावधान अनुसार यस चौमासिकमा Type Approval गरिएका उपकरणहरुको संक्षिप्त विवरण निम्नानुसार रहेको छ :

| S.N | Type of Device | Type of Certificate | No of Models |
|---|---|---|---|
| 1. | Short Range Device | Provisional | 95 |
| | | Periodic Permanent | 24 |
| 2. | GSM Mobile Handset | Provisional | 96 |
| | | Periodic Permanent | 73 |
| 3. | Tablet | Provisional | 2 |
| | | Periodic Permanent | 7 |
| 4. | GSM Device | Provisional | 19 |
| | | Periodic Permanent | 2 |
| Source: Equipment Standardization Section,NTA (As of Shrawan-Kartik, 2079) | | | |

### १.२ IMEI Registration सम्बन्धी विवरणः

❖ **बिगत ५ आ.व.मा NTA EIR System मा IMEI दर्ता भएका मोबाइल सेट सम्बन्धी विवरणः**

| S.N | FY | Date&Period | Importers IMEI registration | Individual IMEI registration |
|---|---|---|---|---|
| 1 | 074/75 | 2017/07/16-2018/07/15 | 16,93,181 | 1,060 |
| 2 | 075/76 | 2018/07/16-2019/07/15 | 69,64,497 | 1,860 |
| 3 | 076/77 | 2019/07/16-2020/07/15 | 76,14,195 | 3,318 |
| 4 | 077/78 | 2020/07/16-2021/07/15 | 10,916,257 | 285,526 |
| 5 | 078/79 | 2021/07/16-2022/07/15 | 12,493,820 | 4,266 |

❖ **<u>आ. व. २०७९/८० को पहिलो चौमासिक (साउन देखि कार्तिक महिना) मा NTA EIR System मा IMEI दर्ता भएका मोबाइल सेटहरू सम्बन्धी विवरण</u>**

| S.N | Month | Importers IMEI registration | Individual IMEI registration |
|---|---|---|---|
| 1 | Shrawan | 9,08,504 | 1,181 |
| 2 | Bhadra | 11,13,056 | 15,821 |
| 3 | Asoj | 7,46,535 | 13,185 |
| 4 | Kartik | 1,06,618 | |
| Total | | 28,74,713 | 30,187 |
| No. of Handsets(Approx) | | 14,52,450<br>(~3,63,113 Handsets/month) | |

नोटः प्राय मोबाइल सेटमा २ वटा सिम प्रयोग हुने भएकाले सोहि तथ्यका आधारमा प्रतिमहिना दर्ता भएका **IMEI** number को अनुपातमा अनुमानित मोबाइल सेटका संख्या उपरोक्त तालिकामा गणना गरिएको छ।

### १.३ Lost/Stolen मोबाइलसेट सम्बन्धी विवरणः

यस प्राधिकरणले Mobile Tracking कार्यमा हराएको तथा चोरी भएका मोबाइलसेट को IMEI का आधारमा मोवाइल सेवाप्रदायकहरुसंगको समन्वयमा उक्त मोवाइल सेटमा SIM को प्रयोग पश्चात latch भएको फोन नम्बर track गरी मोवाइल सेटको खोजी कार्यलाई सहजिकरण गर्दै आएको छ । त्यसरी हराएको तथा चोरी भएका मोवाइल सेटमा SIM को प्रयोग भएमा अपरेटरको नेटवर्कमा latch हुन्छ र सो सिमसंग सम्बन्धित number र उक्त mobile को IMEI नम्बर सेवा प्रदायकको VLR मा रेकर्ड हुन्छ। यसरी हराएका मोवाइल सेट मध्ये सेवाप्रदायकको नेटवर्कमा latch भएका मोवाइल सेटमा प्रयोग भएको सिमसंग सम्बन्धित number सहितको विवरण सेवा प्रदायकबाट प्रधिकरणमा प्राप्त हुने व्यवस्था मिलाईएको छ। प्रधिकरणबाट सोही विवरणको आधारमा नेपाल प्रहरीलाई हराएका /चोरी भएका मोवाइल सेटको खोजी कार्य अगाडी बढाऊन पत्राचार गर्ने गरिएको छ। गत आ.व हरुमा

चोरी भएका/हराएको मोवाइल सेट latch को लागि प्राधिकरणबाट सेवा प्रदायकमा पठाइएकोमा सेवा प्रदायकका नेटवर्कमा latch भइ खोजीका लागि प्रहरीमा पत्राचार गरिएका तथा फेला परेका सेट सम्बन्धी विवरण निम्नानुसार रहेको छ :

| S.N | FY | Date& Range | Lost Application | Latched | Traced |
|---|---|---|---|---|---|
| 1 | 074/75 | 2017/07/16-2018/07/15 | 82 | 127 | 6 |
| 2 | 075/76 | 2018/07/16-2019/07/15 | 1202 | | 64 |
| 3 | 076/77 | 2019/07/16-2020/07/15 | 1162 | 27 | 2 |
| 4 | 077/78 | 2020/07/16-2021/07/15 | 2394 | 927 | |
| 5 | 078/79 | 2021/07/16-2022/07/15 | 10021 | 6,011 | 2535 |

*∗∗Lo*Lost Application: हराएको/चोरी भएको Mobile हरुको प्राधिकरणमा दर्ता भएका सङ्ख्या।
* Latched: अपरेटरको नेटवर्कमा latch भएपश्चात अपरेटरले प्रधिकरणमा बुझाएको सङ्ख्या।
* Traced: latch भई खोजीका लागि प्राधिकरणबाट प्रहरीमा पत्राचार गरिएको सङ्ख्या ।

## २ भन्सारबाट आयात भएका मोबाइल सेट सम्बन्धी विवरण :

भन्सार विभागको तथ्यांक अनुसार विगतका आर्थिक वर्षमा आयात भएका मोबाइल सेट सङ्ख्या, कुल आयात खर्च तथा राजश्व आम्दानी सम्बन्धी बिवरण विभागको वेबसाइट (https://www.customs.gov.np/ )बाट लिईएको छ ।

### २.१ नेपालमा आयात भएका मोबाइलसेट सम्बन्धी विवरणः

| **HS Code** | **Quantity(Pcs)** | **Imports** | **Imports Revenue/Tax** | **Fiscal Year** | **Avg No. of Handset/month** |
|---|---|---|---|---|---|
| 85171200 | 6,223,665 | 24,878,378.00 | 3,387,561 | 74/75 | 518,638 |
| 85171200 | 4,275,518 | 19,276,996.77 | 3,524,994.28 | 75/76 | 356,293 |
| 85171200 | 4,365,990 | 18,177,468 | 2,879,142 | 76/77 | 363,832 |
| 85171200 | 7,030,366 | 36,904,584 | 58,40,978 | 77/78 | 585,863 |
| 85171200 | 5,586,578 | 38,066,987 | 60,16,056 | 78/79 | 465,548 |
| The Revenue values are in 000 Rs. | | | | | |
| | | | | | |

आ.व २०७८/७९ मा उपरोक्त तथ्यांकको आधारमा ५५,८६,५७८ तथा प्रतिमहिना करिव ४,६५,५४८ मोबाईल सेट आयात भएको पाइन्छ । साथै लागतको हिसाबले बिगत ५ आ.व मा करिब १ खर्ब ३७ अर्ब रुपैयाँ तथा प्रतिवर्ष करिव २७ अरब ४६ करोड बराबरको मोबाईल आयात भएको पाइन्छ भने सो बाट ५ बर्षमा सरकारलाई करिब २१ अर्ब ६४ करोड ८७ लाख रुपैयाँ तथा प्रतिवर्ष करिव ४ अर्ब ३३ करोड बराबर राजस्व बापत आम्दानी भएको पाइन्छ ।

उपरोक्त तथ्यांकको आधारमा आ.व.२०७८/७९ को प्रथम चौमासिकमा २,६०१,७८० मोबाइल सेट भन्सारबाट आयात भएको पाइन्छ, जसबाट प्रतिमहिना औसतमा ६५०,४४५ मोबाइल सेट आयात भएको पाइन्छ। लागतको हिसाबले आ.ब

२०७८/७९ को पहिलो चौमासिकमा करिब २० अरब ३५ करोड ८६ लाख बराबरको मोबाइल आयात भएको पाइन्छ तथा सरकारलाई राजस्व बापत ३ अरब २२ करोड ९ लाख बराबरको रकम प्राप्त भएको पाइन्छ।

साथै आ.व.२०७८/७९ को दोश्रो चौमासिकमा १,६५८,२०९ मोबाइल सेट भन्सारबाट आयात भएको पाइएको छ, जसबाट प्रतिमहिना औसतमा ४,१४,५५३ मोबाइल सेट आयात भएको देखिन्छ। लागतको हिसाबले आ.व २०७८/७९ को दोश्रो चौमासिकमा करिब १० अर्ब ६३ करोड १४ लाख बराबरको मोबाइल आयात भएको देखिएको र सोबाट सरकारलाई राजस्व बापत १ अर्ब ६७ करोड ३ लाख बराबरको रकम प्राप्त भएको पाइन्छ।

साथै आ.व. २०७८/७९ को तेस्रो चौमासिकमा १,७५६,०७६ मोबाइल सेट भन्सारबाट आयात भएको पाइएको छ, जसबाट प्रतिमहिना औसतमा ४,४९,०१९ मोबाइल सेट आयात भएको देखिन्छ। लागतको हिसाबले यस आ.व को तेश्रो चौमासिकमा करिब ७ अर्ब ७ करोड ६९ लाख बराबरको मोबाइल आयात भएको देखिएको र सोबाट सरकारलाई राजस्व बापत ७७ करोड ६ लाख बराबरको रकम प्राप्त भएको पाइन्छ।

आ. व. २०७८/७९ मा आयात भएका विभिन्न दूरसंचार उपकरण सम्बन्धि विवरण (Source https://www.customs.gov.np/)

| HSCode | Description | Unit | Imports_Value | Imports_Revenue |
|---|---|---|---|---|
| 85171100 | Line telephone sets with cordless handsets . | 87429 | 65407 | 8561 |
| 85171200 | Telephones for cellular networks or for other wireless networks. | 5586578 | 38066987 | 6016056 |
| 85171300 | Smartphones | 176510 | 2826625 | 527098 |
| 85171400 | Other telephones | 268956 | 265063 | 41948 |
| 85171800 | Other telephone sets . . | 38308 | 62256 | 7497 |

(Import Value and Imports Revenue are in NPRThousands)

### २.२ आ. व. २०७९/८० को पहिलो चौमासिक साउनदेखि कार्तिक महिनामा आयात भएका स्मार्टफोनहरू सम्बन्धि विवरण

| HS Code | Quantity | Imports | Imports Revenue | Months |
|---|---|---|---|---|
| 85171300 | 176206 | 2570925 | 479434 | first month Shrawan |
| 85171300 | 438985 | 6180896 | 1153248 | upto second month Bhadra |
| 85171300 | 618520 | 8533074 | 1592230 | Upto 3rd month Asoj |
| 85171300 | 729395 | 10109893 | 1886510 | Upto 4th month Kartik |

The Revenue values are in 000 Rs.

## २.३ मोबाइल सेवा प्रदायकहरुसंग नेटवर्कमा latched भएका मोबाइल सेटहरुको आधारमा Smart Phone तथा Bar फोनको बजार हिस्सा, विभिन्न ब्राण्डका सेटका बजार हिस्सा 2G/3G/4G को बजार हिस्सा, ८०० मेगाहर्ज फ्रिक्वेन्सी Support गर्ने सेटको हिस्सा सम्बन्धी विवरण:

सेवा प्रदायकको नेटवर्कमा latched भएका मोबाइल सेटका आधारमा smart phone र bar phone को हिस्सा, 2G/3G/4G सेटको हिस्शा, ८०० मेगाहर्ज फ्रिक्वेन्सी Support गर्ने मोबाइल सेटको वर्गीकरण गरेर एकिकृत विवरण उपलब्ध गराउन पर्नेमा समय अभाव, System को limitations तथा अन्य कारण देखाएर माग भए बमोजिमका पूर्ण तथ्यांक उपलब्ध नभएको अवस्था छ। मोबाइल अपरेटरहरु (NCELL, NTC, Smart ) बाट प्राप्त विवरणको आधारमा नेपालमा प्रयोग भएका मोबाइल सेट(Smart Phone तथा Bar फोनको बजार हिस्सा, विभिन्न ब्राण्डका सेटका बजार हिस्सा, 2G/3G/4G को बजार हिस्सा, ८०० मेगाहर्ज फ्रिक्वेन्सी Support गर्ने सेटको हिस्सा ) सम्बन्धी तथ्यांक तपसिल निम्न उल्लेखित तालिका बमोजिम देखिन्छ:

| **Parameters** | **NCELL** | **Nepal Telecom** | **SMART** |
|---|---|---|---|
| No of Mobile Brands/Models latched to the network | 51 (Up to 0.07%) | 52 (Up to 0.08%) | N/A |
| Total no. of handsets latched to the network | 17,039,035 | 15,784,723 | N/A |
| Top 10 Brands with % of user | 1. Samsung<br>2. Xiaomi<br>3. OPPO<br>4. VIVO<br>5. ITEL<br>6. Lava<br>7. NOKIA<br>8. REALME<br>9. Colors<br>10. HUAWEI | 1. Samsung<br>2. Redmi<br>3. OPPO<br>4. VIVO<br>5. ITEL<br>6. Lava<br>7. NOKIA<br>8. APPLE<br>9. REALME<br>10. Colors | N/A |
| Bar phone | 28.31% | 28 % | 163992 |
| Smart phone | 69.73 % | 66% | 295180 |
| No of **2.5G** Handset | 1,019,231 **(5.98%)** | | N/A |
| No of **2G** Handset | 3,804,528 **(23.32%)** | 4494282(28%) | N/A |
| No. of **3G** Handset | 625,703 **(3.67%)** | 2G/3G 629007(4%) | N/A |
| No. of **4G** Handset | 11,255,965 **(66.05%)** | 10,002,164(63%) | N/A |
| No. of Handsets Supporting LTE FDD - 800 MHz | 9,453,175 (**55.48%**) | 10,002,164(63%) | N/A |

❖ <u>नेपाल दूरसंचार कम्पनि प्रा. लि.</u>

नेपाल दूरसंचार कम्पनि प्रा. लि. ले उपलब्ध गराएको विवरण अनुसार निजको नेटवर्कमा देखिएको कुल मोवाइल सेट (total active handset) संख्या १५,७८४,७२३ रहेको छ। मोबाइलको ब्रान्ड,मोडेल तथा उत्पादक कम्पनीको आधारमा मुख्य गरी ५२ प्रकारका मोबाइल ह्याण्डसेट EIR System मा रहेको। संख्यात्मक हिसावले नेपाल टेलिकम नेटवर्कमा SAMSUNG, REDMI, OPPO, NOKIA, VIVO, ITEL, LAVA आदि ब्रान्डका मोबाइलसेट प्रयोगकर्ता धेरै रहेको पाइएको छ । ८०० मेगाहर्ज फ्रिक्वेन्सी Support गर्ने सेटको संख्या जम्मा १०,००२,१६४ रहेको छ।

**❖<u>एनसेल प्रा. लि.</u>**

एनसेल प्रा. लि. ले उपलब्ध गराएको विवरण अनुसार उक्त सेवा प्रदायकको नेटवर्कमा देखिएको कुल मोवाइल सेट संख्या (total active handset) १७,०३९,०३५ रहेको छ। जस मध्ये २८.३१ प्रतिशत बार फोन र ६९.७३ प्रतिशत स्मार्ट फोन रहेको। मोबाइलका ब्रान्ड,मोडेल तथा उत्पादक कम्पनीको आधारमा मुख्य गरी ५१ प्रकारका मोबाइल ह्याण्डसेट EIR System मा रहेको। संख्यात्मक हिसावले एनसेल नेटवर्कमा SAMSUNG, XIAOMI, OPPO, VIVO, ITEL, LAVA, NOKIA आदि ब्रान्डका मोबाइलसेट प्रयोगकर्ता धेरै रहेको देखिएको छ। ८०० मेगाहर्ज फ्रिक्वेन्सी Support गर्ने सेटको संख्या जम्मा ९४,५३,१७५ रहेको पाइयो। हराएको मोबाइल सेटको लागि १९६ वटा ग्राहक आफैले नेटवर्क अपरेटरलाई तथा २१,०२२ वटा सेटको लागि अन्य सरकारी निकायबाट उक्त अपरेटरलाई अनुरोध भई आएको विवरण उपलब्ध भएको छ।

**❖<u>स्मार्ट टेलिकम प्रा. लि.</u>**

स्मार्ट टेलिकम प्रा. लि. बाट उपलब्ध विवरण अनुसार उक्त सेवा प्रदायकको नेटवर्कमा EIR Capacity ८,७८,८२५ रहेको छ। मोबाइलका ब्रान्ड,मोडेल तथा उत्पादक कम्पनीको आधारमा विभिन्न प्रकारका मोबाइल ह्याण्डसेट EIR System मा रहेको।